## अध्याय ३

# पाठ्यक्रम

यो अध्याय, मिडियासम्बन्धी तालिममा प्रयोग गरिएका पाठ्यक्रमहरूको अध्ययन हो । नियमित तालिम दिइरहेका संस्थाहरूको पाठ्यक्रमलाई नै यसमा मूल आधार मानिएको छ । नियमित तालिम दिने संस्थाहरूमा नेपाल प्रेस इन्स्टिच्यूट (एनपीआई), मिडिया प्वाइन्ट तथा निजीस्तरमा तालिमकै लागि खोलिएका सङ्घ संस्थालाई बुझ्न सकिन्छ । यी संस्थाहरूले तालिम सञ्चालन गर्दा पाठ्यक्रमको प्रयोग गरेका छन् । तर, परियोजना (प्रोजेक्ट) मा आधारित धेरैजसो तालिमहरू पाठ्यक्रमविना नै सञ्चालन गरिन्छन् । सञ्चारिका समूह, नेपाल वातावरण पत्रकार समूह (नेफेज) अन्तर्गतको सामुदायिक रेडियो सहयोग केन्द्र (सारेसके), जागरण मिडिया सेन्टर, मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) आदिले निश्चित पाठ्यक्रम र निर्देशिका बनाई लागु गरेका छन् । नियमित तालिम दिने संस्थाहरूले श्रव्य र दृश्य दुवै माध्यमबारे तालिम दिन्छन् । यस्ता संस्थाका पाठ्यक्रममा सबै खालका मिडियाबारे जानकारी समेटिएको पाइन्छ । कुन संस्थामा कस्तो पाठ्यक्रम हुन्छ भनेर संस्थापिच्छे पाठ्यक्रमको अध्ययन गरिएको छैन । बरु छापा, रेडियो, टेलिभिजन, अनलाइनजस्ता विभिन्न माध्यमका आधारमा पाठ्यक्रमलाई विभाजन गरी अध्ययन गरिएको छ ।

मिडियासम्बन्धी तालिम दिने संस्थाहरूले पाठ्यक्रम कसरी निर्माण गर्छन्, पाठ्यक्रममा के-कस्ता विषय समावेश गर्छन् भन्ने पक्षलाई यहाँ अध्ययन गरिएको छ । पाठ्यक्रम निर्माणमा आयोजक संस्था तथा प्रशिक्षकको भूमिकालाई पनि यस अध्ययनमा समेटिएको छ ।

यो अध्याय सात खण्डमा विभाजित छ । पहिलो खण्डमा पाठ्यक्रम निर्माणको प्रक्रियाबारे चर्चा गरिएको छ । दोस्रो खण्डमा छापामाध्यमको पाठ्यक्रमबारे चर्चा गरिएको छ । तेस्रो, चौथो र पाँचौं खण्डमा क्रमशः रेडियो, टेलिभिजन र अनलाइन मिडियाको पाठ्यक्रमबारे चर्चा गरिएको छ । छैटौं खण्डमा पत्रकारिता तालिममा भाषाको पाठ्यक्रमबारे चर्चा छ । अन्तिममा समग्र अध्यायको निष्कर्ष प्रस्तुत छ ।

## पाठ्यक्रम निर्माणको प्रक्रिया

तालिम दिने संस्थाहरूले पाठ्यक्रम बनाउँदा समय, प्रशिक्षार्थीको स्तर, प्रशिक्षक वा आयोजकको अनुभवलाई आधार बनाउँछन् । यसैका आधारमा के-के विषय कति मात्रामा समावेश गर्ने, निर्धारण गर्छन् । कुनै-कुनै संस्थाले त राष्ट्रिय वा अन्तर्राष्ट्रिय तालिम दिने संस्थाका पाठ्यक्रमलाई पनि नमुना मानेर पाठ्यक्रम निर्माण गरेका हुन्छन् । एनपीआईको पाठ्यक्रम उसकै पाठ्यक्रम निर्माण समितिको सिफारिसका आधारमा बनेको हो ।[१] निर्माण समितिले डेनिस स्कुल अफ जर्नालिज्म (डिएसजे), प्रेस इन्स्टिच्युट अफ इण्डियाजस्ता संस्थाहरूको पाठ्यक्रमलाई पनि आधार बनाउने गरेको छ । एनपीआईको आफ्नै संस्थागत अनुभव पनि पाठ्यक्रम निर्माणमा प्रयोग गरिन्छ । पाठ्यक्रम निर्माण समिति सदस्य कुन्दन अर्याल भन्छन्, "एनपीआईसँग झण्डै अढाइ दसकदेखि तालिम प्रदान गर्दै आएको अनुभव छ । यसले नेपालमा कस्ता पाठ्यक्रम निर्माण गर्नुपर्छ भन्ने कुराको दिशानिर्देश गर्न सक्छ ।"[२]

तालिमका सहभागीको अनुभव र स्तरलाई आधार मानेर तालिमको आवश्यकता पहिचान गर्नु पाठ्यक्रम निर्माणको पहिलो खुड्किलो मानिन्छ । यसैअनुसार प्रशिक्षक र आयोजक सँगै बसेर पाठ्यक्रम निर्माण गर्ने प्रचलन सबैभन्दा चल्तीको प्रक्रिया हो ।

रेडियो तालिमको पाठ्यक्रम बनाउँदा पनि तालिम प्रदायक राष्ट्रिय/अन्तर्राष्ट्रिय विभिन्न संस्थाहरूको पाठ्यक्रमलाई नमुना मान्ने गरिएको छ । रेडियोमा कार्यरत जनशक्तिलाई तालिम दिइँदा सामुदायिक रेडियोहरूको विश्व सङ्गठन

---

१ एनपीआईका तालिम संयोजक सोमनाथ लामिछानेसँग २०६६ पुस २ मा गरिएको कुराकानी ।

२ अर्यालसँग २०६६ पुस २ मा गरिएको कुराकानी ।

(अमार्क), रेडियो नेदरल्याण्ड, बीबीसी आदिको पाठचक्रमलाई आधार मान्ने गरिन्छ ।[३] रेडियो तालिम दिन खुलेका धेरैजसो निजी संस्थाहरूले तालिमका लागि निश्चित पाठचक्रम नै बनाएका हुँदैनन् । प्रशिक्षार्थीलाई आफू 'रेडियोमा बोल्ने तालिम लिन आएको हुँ' भन्नेबाहेक अरू कुरा खासै थाहा हुँदैन । निश्चित शीर्षकहरूबारे कक्षा लिइदिन सम्बन्धित क्षेत्रका अनुभवी वा विशेषज्ञहरूलाई जिम्मेवारी दिएपछि पाठचक्रम बनाउने झन्झटबाट आयोजक टाढै बस्न रुचाउँछन् । आफूलाई दिइएको शीर्षकमा के पढाउने भन्ने कुरा सम्बन्धित प्रशिक्षकले नै निर्धारण गर्दछ । रेडियो नेपालका पूर्व समाचारवाचक तीर्थ भण्डारीले खोलेको संस्था जमलेश्वर इन्स्टिच्युटसँग आफ्नै पाठचक्रम छ । तर, यसको पाठचक्रममा समाचारमूलक पक्ष र रेडियो पत्रकारिताले बढी नै स्थान पाएका छन् ।


कतिपय संस्थाहरूले पाठचक्रमका साथमा तालिमको निर्देशिका पनि बनाएका हुन्छन् । यस्ता निर्देशिकामा पाठचक्रमसँग सम्बन्धित विभिन्न विषयबारे अध्ययन सामग्रीहरू समावेश गरिएको हुन्छ । इह्विकनले महिला, शान्ति तथा सुरक्षासम्बन्धमा दिने तालिममा आमसञ्चारसम्बन्धी एउटा खण्ड र मानवअधिकार, द्वन्द्व, महिलाअधिकारको अर्को खण्ड राखेर तालिम हाते पुस्तिका तयार गरेको छ (इह्विकन २०६३; हेर्नुहोस् तस्बिर ३.१) । जागरण मिडिया सेन्टरले बनाएको पाठचक्रमको निर्देशिकामा आमसञ्चारसँग सम्बन्धित विषयका अतिरिक्त दलितका विभिन्न पक्षहरूलाई पनि समेटिएको छ (जागरण मिडिया सेन्टर २०६३, सन् २००८) । निर्देशिका तयार गर्दा आयोजकले प्रशिक्षक र सम्बन्धित विषयका जानकार वा विज्ञको सहयोग लिन सक्छन् ।

## छापा पत्रकारिता तालिमको पाठचक्रम

नेपाल प्रेस इन्स्टिच्युट र मिडिया प्वाइन्ट विशेषतः छापा पत्रकारिताको तालिममा केन्द्रित छन् । यिनीहरूले मूलतः मिडियाका आधारभूत पक्षमा लामो समयदेखि तालिम दिँदै आइरहेका छन् । आधारभूत पाठचक्रमले पत्रकारिताबारे आधारभूत ज्ञान र सीप सिकाउँछ । एड्भान्स्ड पाठचक्रम 'बिट' वा विशेष रिपोर्टिङमा केन्द्रित हुन्छ; जस्तै : आर्थिक, राजनीतिक, वातावरणीय, कानुनी आदि विशेष रिपोर्टिङ । फिचर लेखन र खोज पत्रकारिता तालिमलाई पनि एड्भान्स्ड पाठचक्रमअन्तर्गत राखिएको छ । एड्भान्स्ड तालिममा कार्यरत पत्रकार वा आधारभूत तालिम पाइसकेका पत्रकारलाई सहभागी गराइन्छ ।

---

३ रघु मैनालीसँग २०६६ पुस २ मा गरिएको कुराकानी ।




तस्बिर ३.१ : महिला शान्ति र सुरक्षाबारे इह्रिकनको तालिम हाते पुस्तिका ।

### *आधारभूत छापा पत्रकारिता तालिम*

यस पाठ्यक्रमको उद्देश्य सहभागीहरूलाई समाचार, अन्तर्वार्ता, आचारसंहिताजस्ता विभिन्न पक्षबारे सैद्धान्तिक जानकारी दिनु र व्यावहारिक सीप सिकाउनु हो ।

आधारभूत पत्रकारितामा सिकाइने पहिलो विषय समाचार हो। यसअन्तर्गत पत्रपत्रिकामा लेखिने समाचारबारे जानकारी दिइन्छ। घटनाप्रधान समाचार (हार्ड न्यूज) र विषयप्रधान समाचार (सफ्ट न्यूज) भनेको के हो, समाचारको विकास कसरी भयो भन्ने कुरा यसमा सिकाइन्छ। समाचारको शीर्षक, डेटलाइन, आरम्भ ( इन्ट्रो) जस्ता समाचार संरचनाका विभिन्न पक्ष पाठ्यक्रममा समाविष्ट हुन्छन्। समाचार सङ्कलन गर्ने प्रक्रिया र समाचारका स्रोतबारे प्रवचन तथा अभ्यास विधिद्वारा

सिकाइन्छ।[४] पाठचक्रममा समाचारपछि महत्त्वपूर्ण खण्ड अन्तर्वार्ताको हुन्छ, जहाँ अन्तर्वार्ता लिनुअघि गरिने तयारी, अन्तर्वार्ता लिने बेला अपनाइने सीपबारे जानकारी दिइन्छ। प्रशिक्षण पद्धति कस्तो हुने भन्ने पाठचक्रममा उल्लेख हुँदैन। पाठचक्रमको कुन खण्डका लागि कुन विधि प्रयोग गर्ने भन्ने प्रशिक्षकमा भर पर्छ।

सम्पादकीय-दृष्टिकोण पेजसम्बन्धी पाठचक्रममा पाण्डुलिपि सम्पादन (कपि एडिटिङ) तथा भाषा सम्पादन पर्दछन्। साथै यसमा सम्पादकीय तथा दैनिक लेखहरूबारे पनि जानकारी दिइन्छ। तालिमको पाठचक्रममा विश्वविद्यालयको पाठचक्रममा भएजस्तो सन्दर्भ ग्रन्थ चाहिं हुँदैन। प्रशिक्षकले सङ्कलन गरेका विभिन्न पाठचसामग्रीहरू प्रशिक्षार्थीलाई वितरण गर्ने गरिन्छ।


आधारभूत पत्रकारिता तालिमको पाठचक्रममा विभिन्न समुदाय र ठाउँ विशेषका पत्रकारहरूलाई लक्षित गरी विशेष पाठचांश समावेश गरिएको हुन्छ। उदाहरणका लागि मधेस मिडिया मिसनले मधेसी महिलालाई लक्षित गरेर दिएको तालिममा 'महिला विकासका योजनागत प्रयास' र 'महिला मानव अधिकारको विकाससम्बन्धी ऐतिहासिक पृष्ठभूमि'लाई पनि समावेश गरिएको छ (मधेस मिडिया मिसन सन् २००८)। अतिरिक्त पाठचक्रम थप्ने काम प्रशिक्षकको अनुभव र विज्ञता हेरेर पनि गरिन्छ। २०६७ असारमा राष्ट्रिय सञ्चार विकास केन्द्र (एनएमडिसी) ले रसुवामा एक हप्ते पत्रकारिता तालिम आयोजना गरेको थियो। राष्ट्रिय समाचार समिति (रासस) मा लामो समय काम गरेका प्रमोद प्रधान र श्रीरामसिंह बस्नेतलाई प्रशिक्षक बनाएकाले राष्ट्रिय समाचार समिति (रासस) र राष्ट्रिय सञ्चार विकास केन्द्र (एनएमडिसी) बारेको थप जानकारी पनि पाठचक्रममा समावेश गरियो।[५]

पत्रकारिता तालिमको आधारभूत पाठचक्रमलाई बाल भित्तेपत्रिका तालिममा पनि प्रयोग गरिन्छ। बालबालिकाका लागि भित्तेपत्रिका निकाल्न दिइने तालिममा आधारभूत पत्रकारिताका विभिन्न पक्ष समेटिएको हुन्छ। समाचार, अन्तर्वार्ता, सम्पादकीय, कार्टुन, फोटो, चुट्किला, विज्ञापन इत्यादिको बारेमा जानकारी दिने गरी पाठचक्रम बनाइएको हुन्छ। यस्तै प्रकारको निर्देशिका सहितको पाठचक्रम सेभ द चिल्ड्रेन युएस र एनपीआईको क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगरले पनि तयार पारेको छ (शर्मा र मिश्र २०६३; हेर्नुहोस् तस्बिर ३.२)। यसमा आधारभूत पाठचक्रमका अतिरिक्त बालअधिकार के हो भन्ने सन्दर्भमा विभिन्न महासन्धिहरूमा

---

४ एनपीआईमा दिने तालिम र त्यसको २००९ को पाठचक्रममा आधारित।

५ सो तालिमका प्रशिक्षक प्रमोद प्रधानसँग २०६७ असार १७ मा गरिएको कुराकानी।




तस्बिर ३.२ : एनपीआई क्षेत्रीय सञ्चार स्रोत केन्द्र, विराटनगरले दिने बालबालिकाका लागि पत्रकारिता तालिमको निर्देशिका।

भएका व्याख्या विश्लेषणलाई समेटिएको छ। बालबालिकालाई सरल रूपमा सिकाउने गरी समाचार भनेको के हो, कस्ता कुरा समाचार हुन्छन्, समाचारका प्रकार-स्रोतहरू के-के हुन् भन्ने कुरा पाठ्यक्रममा समाविष्ट छन्। तीनओटा 'पि' अर्थात् पिपल (मानिस), प्लेस (ठाउँ) र पेपर (कागजात, अभिलेख) समाचारका स्रोत हुन् भन्ने कुरा यसमा उल्लेख छ। समाचार सङ्कलन कसरी गर्ने, समाचार सङ्कलन गर्दा साथमा के-के सामग्री लैजाने भन्नेजस्ता कुराहरू बालबालिकाले सिक्न सक्ने गरी समावेश गरिएको छ। अन्य सामग्रीका तुलनामा समाचार सामग्री पाठ्यक्रममा धेरै नै प्रस्तुत गरिएको छ। समाचारको बनोट, समाचार कसरी लेख्ने, समाचारमा पिरामिड भनेको कस्तो हुन्छ भन्ने कुरा सिकाइएको छ। समाचारको आरम्भमा

मुख्य विषय र पुछारमा सहायक विषय कसरी राख्नुपर्छ, सिकाइएको हुन्छ । उदाहरणका लागि सिसाको गिलासमा राखिएको दुधमा भएको माथिल्लो तहदेखि तल्लो तहसम्म क्रमशः तर, दुध र थेगर देखाई चित्रात्मक शैलीमा प्रस्तुत गरिएको छ (शर्मा र मिश्र २०६३) । बाल भित्तेपत्रिकामा लेख्न हुने र नहुने पक्षहरू, शीर्षक, सम्पादकीय, साजसज्जा तथा प्रकाशन गर्दा के-के कुरामा ध्यान दिनपर्छ भन्नेजस्ता विषयलाई सजिलैसँग बुझ्ने शैलीमा प्रस्तुत गरिएको छ ।

*प्रयोगात्मक पक्ष*

तालिममा सैद्धान्तिक ज्ञानको भन्दा अभ्यासको महत्त्व धेरै हुन्छ । तालिम दिने धेरै संस्थाहरूले अभ्यासको पक्षलाई आत्मसात् गरेका छन् । एनपीआईले आफ्नो प्रशिक्षण विधिमा हरेक अध्याय सकिएपछि बढीमा दुई-तीनओटा परियोजना कार्य (प्रोजेक्ट वर्क) गराएको छ । मिडिया प्वाइन्टले पनि आफ्नो पाठचक्रममा तालिमको ७० प्रतिशत समय प्रयोगात्मक पक्षलाई दिने भनेको छ । यसका सञ्चालक श्रीरामसिंह बस्नेत प्रशिक्षार्थीहरूलाई अभ्यासात्मक पद्धतिद्वारा सिकाइने बताउँछन् ।[६] मिडिया प्वाइन्टले तालिमको क्रममा प्रशिक्षार्थीहरूलाई क्षेत्रगत कार्य, कक्षामा लेखनको अभ्यासजस्ता सीप पनि सिकाउँछ । यद्यपि उसको पाठचक्रममा परियोजना कार्य (प्रोजेक्ट वर्क) बारे उल्लेख चाहिं छैन ।

तालिमको प्रयोगात्मक पक्ष इन्टर्नसिप पनि हो । तालिमका क्रममा आफूले सिकेको सीपलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने अवसर इन्टर्नसिपले प्रदान गर्दछ । प्रशिक्षार्थीलाई कुनै सञ्चार गृहमा अस्थायी रूपमा संलग्न गराएर काम गराउने गरिन्छ । यसबाट सञ्चार गृहमा समाचार उत्पादन हुने प्रक्रियासँग प्रशिक्षार्थी राम्ररी भिज्न पाउँछ र तालिमबाट ऊ योग्य पत्रकार भएर निस्कन्छ । ठूला र नाम चलेका सञ्चार गृहहरू सिकारु पत्रकार वा प्रशिक्षार्थीलाई सिकाउँदै काम गराउन झिंजो मान्छन् । त्यहाँसम्म प्रशिक्षार्थीहरूको पहुँच सहज छैन ।[७] काठमाडौंकै ठूला प्रकाशन गृहमध्ये केहीले इन्टर्नसिपमा काम गराउनै चाहँदैनन् भने कसैले सशुल्क रूपमा गराएका छन् (यसबारे अध्याय १ मा चर्चा गरिएको छ) । एनपीआई र मिडिया प्वाइन्टजस्ता लामो अवधिका तालिम दिने संस्थाले इन्टर्नसिपको पनि प्रावधान राखेका छन् । मिडिया प्वाइन्टको पाठचक्रममा चार महिना तालिम र दुई महिना इन्टर्नसिपको व्यवस्था छ । तर यसले चार महिना

---

[६] बस्नेतसँग २०६६ भदौ ११ मा गरिएको कुराकानी ।

[७] एनपीआईका तालिम संयोजक सोमनाथ लामिछानेसँग २०६६ असार २२ मा गरिएको कुराकानी ।

सकिनेबित्तिकै इन्टर्नसिप नकुरीकनै अन्तिम परीक्षा लिएर प्रमाणपत्र दिइसक्छ। यसको मतलब तालिम पूरा गर्न प्रशिक्षार्थीलाई इन्टर्नसिप अनिवार्य छैन। इन्टर्नसिप गर्न चाहनेलाई मिडिया प्वाइन्टले सञ्चार गृहसँग समन्वय गर्न मद्दतसम्म गरिदिन्छ। एनपीआईले भने २००९ मा परिमार्जित पाठ्यक्रमअनुसार दुई महिना इन्टर्नसिप गराउने गर्छ। यस्तै, एनपीआई क्षेत्रीय स्रोत केन्द्रहरूले दिने तीन महिने पत्रकारिता तालिममा दसदेखि चौध दिनसम्म इन्टर्नसिप गर्नुपर्ने हुन्छ। एनपीआईले चाहिं इन्टर्नसिपलाई अनिवार्य गराएको छ। एनपीआईले इन्टर्नसिपविना प्रशिक्षार्थीलाई प्रमाणपत्र दिंदैन।

### *एड्भान्स्ड छापा पत्रकारिता तालिम*

एड्भान्स्ड छापा पत्रकारिता तालिम आधारभूत पत्रकारिता तालिम लिइसकेका वा कार्यरत पत्रकारहरूलाई दिइने तालिम हो। सञ्चारकर्मीको व्यावसायिक दक्षता वृद्धि गर्न यस किसिमको तालिम दिइन्छ। यसमा विषयगत पत्रकारिता- आर्थिक पत्रकारिता, वातावरण पत्रकारिता, विशेष रिपोर्टिङ- अपराध र न्यायसम्बन्धी रिपोर्टिङ, राजनीतिक रिपोर्टिङ, फिचर लेखन, खोजपत्रकारिता[८] पर्दछन्। यस्ता तालिमहरूमा पुनर्ताजगीका लागि आधारभूत पाठ्यक्रमका केही पक्षहरू समावेश हुन सक्छन्। तर, एड्भान्स्ड छापा पत्रकारिताको मुख्य उद्देश्य चाहिं विषयगत लेखनको क्षमता अभिवृद्धि गर्नु हो। मिडियामा आफ्ना मुद्दालाई संवेदनशील बनाउने उद्देश्यले विभिन्न सङ्घसंस्थाले पत्रकारहरूलाई तालिम दिइरहेका हुन्छन्। छापामाध्यमले समाजका विभिन्न विधालाई समेट्न छुट्टै विषयगत बिट नै खडा गरेका हुन्छन्। त्यस्तो बिट सम्हालेका पत्रकारहरूलाई पनि विभिन्न संस्थाहरूले पुनर्ताजगी तालिम दिन्छन्। यसरी एड्भान्स्ड पत्रकारिताको तालिमलाई विषयगत, फिचर र खोज पत्रकारिता भनी विभाजन गर्न सकिन्छ।

---

[८] फिचर लेखन र खोज पत्रकारिता तालिम आधारभूत वा एड्भान्स्ड के हुन् भन्नेबारे प्रष्ट परिभाषा कतै छैन। फिचर लेखनमा लेखनका विभिन्न आधारभूत पक्षहरू समेटिने भएकाले यसलाई आधारभूत पत्रकारिताको पाठ्यक्रममा समावेश गर्ने सकिने तर्क पत्रकार तथा तालिम प्रशिक्षक मोहन मैनालीको छ। तर, एनपीआईले यसलाई आफ्नो अघिल्लो ५ महिने आधारभूत तालिम खण्डमा समावेश गरेको छैन। अर्कोतर्फ फिचर लेखन तालिम सञ्चारिका समूहले कार्यरत पत्रकारलाई दिने गरेको छ। कार्यरत पत्रकार एकपटक आधारभूत तालिम लिइसकेका हुन् भन्ने मान्यताले फिचर लेखनको तालिमलाई एड्भान्स्डमा राखिएको हो। खोज पत्रकारिता केन्द्रले सञ्चालन गरेको तालिममा पनि कार्यरत पत्रकारहरूलाई नै यो तालिम दिइएको थियो। फिचर लेखन तथा खोज पत्रकारिताको छुट्टाछुट्टै तालिम दिइने हुनाले यहाँ छुट्टाछुट्टै चर्चा गरिएको छ।

*विषयगत छापा पत्रकारिता तालिम*

विषयगत छापा पत्रकारिता तालिमको उद्देश्य चाहिं प्रशिक्षार्थीहरूलाई विषयगत मुद्दाहरूबारे बुझाउनु र ती विषयमा कलम चलाउन उत्प्रेरित गर्नु हो । त्यसैले यस्ता तालिमले प्रशिक्षार्थीलाई कुनै खास विषय वा मुद्दाका बारेमा बुझ्न र त्यस विषयमा लेख्ने सीपको विकास गर्न मद्दत गर्छ । स्वास्थ्य पत्रकारिता, विकास पत्रकारिता, आर्थिक पत्रकारिता आदि विषय विषयगत छापा पत्रकारिताअन्तर्गत पर्दछन् (एनपीआई सन् २००२ : ४७) । विषयगत छापा पत्रकारिता तालिमको पाठ्यक्रममा विशेष रिपोर्टिङलाई पनि समेटिएको हुन्छ । यसका पाठ्यक्रममा सम्बन्धित क्षेत्रमा प्रयोग हुने शब्दावलीका बारेमा जानकारी दिइन्छ । न्यायसम्बन्धी पाठ्यक्रमको खण्डमा मिडिया कानुनको परिचय, नेपालमा मिडियासम्बन्धी भएका ऐन कानुनहरू, अन्य प्रचलित कानुनहरू, अदालती अवहेलनाजस्ता पक्षहरू समावेश गरिएको हुन्छ ।[९] फ्रिडम फोरमले २०६४ असारदेखि माघसम्म कानुन बिटका पत्रकारहरूको सीप, क्षमता र दक्षता बढाउन सर्वोच्च अदालत र पुनरावेदन अदालत क्षेत्रलाई केन्द्रित गरी कानुनी पत्रकारिता तालिम सञ्चालन गरेको थियो (फ्रिडम फोरम २०६५) । आर्थिक पत्रकार समाजमा आबद्ध पत्रकारहरूका लागि नेपाल राष्ट्र बैङ्कको पहलमा २०६३ चैत १६ र १७ गते आयोजित तालिममा आयात-निर्यात, व्यापार, शेयर कारोबार, राजस्व, आर्थिक नीति, बजेट, बैङ्किङ आदिबारे प्रशिक्षण दिइएको थियो ।[१०] यसरी विभिन्न संस्थाहरूले आफ्ना मुद्दा मिडियामा सही रूपले उठ्न सकून् भनेर पत्रकारहरूलाई विषयगत तालिम दिने गर्दछन् । छापामाध्यमबारे नियमित तालिम दिइरहेका संस्थाहरूले पनि विषयगत तालिम दिइरहेका छन् । एनपीआईले आर्थिक र व्यापारिक रिपोर्टिङलाई पनि विषयगत तालिममा समावेश गर्ने गरेको छ । नेपाली अर्थतन्त्रको संरचना, शेयर कारोबार, आर्थिक समाचारका लागि आवश्यक सामग्री, आर्थिक सुधारका नीतिहरू, आर्थिक समाचारको प्रस्तुति आदिबारेको जानकारी एनपीआईको पाठ्यक्रममा समावेश गरिएको छ ।[११] एनपीआईले दिने अन्य विषयगत पाठ्यक्रमअन्तर्गत संसदीय रिपोर्टिङ, अपराध र न्यायसम्बन्धी रिपोर्टिङ, वातावरण रिपोर्टिङ, फिचर लेखन, खोज पत्रकारिता आदि पर्दछन् ।

---

[९] एनपीआईको २००९ को पाठ्यक्रममा आधारित ।

[१०] आर्थिक पत्रकार समाजबाट प्राप्त अप्रकाशित सामग्री र सेजनका सदस्य प्रभाकर घिमिरेसँग २०६६ भदौ १२ मा गरिएको कुराकानी ।

[११] एनपीआईको २००९ को पाठ्यक्रममा आधारित ।

*फिचर लेखन तालिम*

फिचर लेखनलाई समाचार लेखनको छुट्टै विधाअन्तर्गत तालिम दिने गरिन्छ। किनभने विषय र शैलीका हिसाबले फिचर साधारण रिपोर्टिङभन्दा पृथक छ। फिचर एकदमै हल्काफुल्का विषयदेखि गम्भीर विषयमा पनि लेख्न सकिन्छ (मैनाली २०६४ : २१२)। फिचरले मनोरञ्जन मात्र पनि गराउन सक्छ, ज्ञान दिन पनि सक्छ, सूचना मात्र दिन पनि सक्छ। विषय हेरेर फिचर लेख्ने शैली पनि निजात्मकदेखि वर्णनात्मकसम्म हुन्छ। फिचरलाई भाषा र शैलीले पनि रोचक बनाउँछ।

फिचर लेखन तालिमअन्तर्गत फिचर लेखनको कार्य, विशेषता र प्रकारहरूको बारेमा जानकारी दिइन्छ। फिचर लेख्नका लागि आवश्यक सामग्री अन्तर्वार्ता, अवलोकन, प्रकाशित सामग्री र वेबसाइटहरूबाट जुटाउन सकिन्छ। फिचर लेखनको योजना कसरी बनाउने, फिचरको सुरु, मध्य र अन्त्य कसरी गर्ने भन्ने कुरा पनि फिचर लेखन तालिममा सिकाइन्छ। फिचरमा समाचार, अन्तर्वार्ता, प्रोफाइल, घटना अध्ययन आदिको मिश्रण हुन्छ। अचेल सञ्चारिका समूह र एनपीआई फिचर लेखन तालिम दिने प्रमुख संस्थाका रूपमा चिनिएका छन्। एनपीआईको तीन महिने, एक महिने तथा एक हप्ते तालिममा पनि फिचर लेखनको पाठ्यक्रम समावेश गरिएको छ।

सञ्चारिका समूहले तयार पारेको फिचर लेखन तालिमको निर्देशिकामा 'मिडियाका लागि लेखन' भन्ने विषयलाई महत्त्वका साथ उठाइएको छ। लेखन केका लागि भन्ने विषय पनि यसमा समावेश गरिएको छ। जस्तो, विकासका लागि लेखनको उद्देश्य जनताको जीवनस्तर उकास्न सघाउनु रहेको छ। समाचार लेखन अखबारमा छाप्न, रेडियो टेलिभिजनमा प्रसारण गर्नका लागि हो। मिडिया लेखन आफ्नै सुख वा आनन्दका लागि होइन। हजारौं-लाखौं पाठक, श्रोता वा दर्शकहरूले बुझ्ने, रमाउने, रुचाउने र सिक्न सघाउने गरी लेख्न सक्नुपर्छ (कसजू सन् २००४)। फिचर लेखन साहित्य लेखन नभए पनि साधारण मान्छेले रुचिपूर्वक पढ्न सक्ने गरी लेख्नुपर्छ भन्ने बुझिन्छ।

फिचर लेखनअन्तर्गत समाचार, रिपोर्ट, घटना अध्ययन (केस स्टडी) जस्ता लेखनका आधारभूत पक्षहरूको चर्चा गरिएको हुन्छ। पत्रकारिताका आधारभूत पक्षहरू घटनाप्रधान (हार्ड) र विषयप्रधान (सफ्ट) समाचारलाई पनि फिचर लेखनले समेटेको हुन्छ। सञ्चारिका समूहले तयार पारेको फिचर लेखन निर्देशिकामा रिपोर्टिङ गर्दा समाचारदाताहरूसँग हुनुपर्ने सीपहरूको बारेमा पनि चर्चा गरिएको छ (कसजू सन् २००४)। जस्तो; हेर्ने र सुन्ने, सुनेका कुरा टिप्ने, सूचना वा जानकारी

**तालिका ३.१ : एनपीआई र सञ्चारिका समूहको फिचर लेखन तालिमको पाठचक्रमको तुलनात्मक तस्बिर**

| एनपीआई | सञ्चारिका समूह |
|---|---|
| फिचरका कार्यहरू | **मिडियाका लागि लेखन** |
| फिचरका विशेषताहरू | विकास लेखन |
| फिचरका प्रकारहरू | समाचार लेखन |
| | घटना अध्ययन लेखन |
| योजनाको महत्त्व | व्यक्तित्व लेखन |
| फिचर कथाको लागि योजना | |
| फिचरको विषयवस्तु | **फिचर लेखन** |
| | फिचरका लागि चाहिने सर्जाम |
| सुचनाको स्रोत - प्रकाशित सामग्रीहरू, | फिचर लेखन प्रक्रिया |
| अन्तवार्ता, अवलोकन, वेबसाइट | अनुसन्धान |
| | अन्तर्वार्ता |
| फिचर लेखन | लेखन शैली |
| फिचर लेखनका लागि योजना | फिचरको बनौट |
| | इन्ट्रो/लिड |
| सुरु, मध्य, अन्त्य लेखन | भाषा र शैली |
| प्रतिक्रिया र पुनर्लेखन | फोटोको उपयोग |
| फिचरको अन्तिम रूप | |
| | **मिडिया र महिला** |
| | मिडियामा महिला |
| | मिडियामा लैङ्गिक मूल प्रवाहीकरण |

स्रोत : एनपीआईको पाठचक्रम र सञ्चारिकाको फिचर लेखन निर्देशिकाबाट ।

भेट्टाउने, प्रश्न सोध्ने, प्राप्त सूचनाको सत्यतथ्य जाँच्ने, सूचनाको विश्लेषण गर्ने र अर्थ निकाल्नेजस्ता विषयहरू समाचार लेखनअन्तर्गत राखिएको छ। यसरी फिचर लेखनमा आधारभूत पक्षलाई पनि समेटिएको छ।

तालिका ३.१ मा एनपीआई र सञ्चारिकाले फिचर लेखन तालिमअन्तर्गत समेट्ने विषयवस्तु दिइएको छ। यहाँ एनपीआईको पाठचक्रम अलि विस्तृत छ भने सञ्चारिकाको छोटो, अभ्यासमूलक र स्पष्ट देखिन्छ। सञ्चारिकाको फिचर लेखन तालिममा लेखनका आधारभूत पक्ष विकास लेखन, समाचार लेखन, घटना अध्ययन लेखन, व्यक्तित्व लेखन इत्यादि पनि समेटिएको छ। तर, एनपीआईको पाठचक्रम चाहिं सीधै फिचरमा प्रवेश गरेको छ। सञ्चारिका समूहले फिचर लेखनपछि प्रशिक्षार्थीहरूलाई फिचर तयार पार्न लगाउँछ। तयार पारेको फिचरलाई सञ्चारिकाको लेखमालामा समावेश गर्ने गरेको छ। यो प्रोत्साहन प्रशिक्षार्थीले फिचर लेखिरहून् भन्ने हेतुले गरिएको बुझिन्छ।

एनपीआईको फिचर लेखन तालिममा फिचरको व्याख्या तथा परिचय, लेखनका लागि आवश्यक तयारी र फिचर लेखनका लागि सूचनाका स्रोतहरूबारे अभ्यासात्मक कक्षाहरू सञ्चालन गरिएको छ । फिचर लेखनका लागि प्रयोग हुन सक्ने सूचनाका स्रोतहरू कागजपत्र, अन्तर्वार्ता, अवलोकन र वेबसाइटबारे जानकारी दिइएको छ । फिचर लेखन अभ्यासअन्तर्गत लेखनका लागि योजना बनाउने, फिचरको सुरु, मध्य र अन्तको संरचना तयार गर्ने भन्ने विषयमा जोड दिइएको छ । र, अन्त्यमा प्रशिक्षार्थीहरूद्वारा लेखिएका फिचरको प्रतिक्रिया र पुनर्लेखनको अभ्यास पनि पाठ्यक्रममा समावेश गरिएको छ ।

पाठ्यक्रममा धेरै विषय र सामग्री समेट्न खोजिएको भए पनि काठमाडौंबाहिर दिइने तालिमको अवधि भने प्रायः एक वा दुई हप्ताको नै हो । पाठ्यक्रमको गहनताअनुसार तालिम दिइने अवधि निकै छोटो भएको गुनासो प्रशिक्षार्थीहरूले गरेका छन् । छोटो अवधिको तालिममा पनि प्रशिक्षार्थीहरूलाई धेरै पाठ्यवस्तु (ह्याण्ड्सआउट) वा गृहकार्य एकैपटक दिने गरिएको हुन्छ । यसरी थोरै समयमा धेरै कुरा समेट्न खोज्दा प्रशिक्षार्थीहरू अलमलमा परेको देखिन्छ । फिचर लेख्दा जति प्रशस्त समय र मेहनत चाहिन्छ, तालिममा त्यति नै समय छुट्ट्याइनु पर्दछ । प्रशिक्षक मोहन मैनाली त अझ तीन दिनमा पनि फिचर लेखन तालिम दिइने गरिएको बताउँदै आश्चर्य प्रकट गर्दछन् । तीन दिनमा त फिचर लेखनबारे केही सिकाउनै नसकिने मैनालीको धारणा छ ।[१२]

फिचरका लागि जति समय आवश्यक पर्ने हो, त्यस आधारमा तालिम दिइनेभन्दा पनि आफ्नो स्रोत र समयअनुसार अवधि निर्धारण गरिन्छ । एनपीआईले दस महिने, तीन महिने, एक महिने तालिमको पाठ्यक्रममा फिचरसम्बन्धी उही विषयवस्तु राखे पनि अवधि मात्र लम्ब्याउने/छोटयाउने गरेको छ । यसले १० महिने तालिममा १२ दिनको फिचर लेखनको कक्षा राखेको छ । तीन महिने तालिममा बढीमा तीन दिन मात्र फिचर लेखनबारे पढाइन्छ ।

### *खोज पत्रकारिता तालिम*

हिमाल एसोसिएसनअन्तर्गत स्थापित खोज पत्रकारिता केन्द्र (खोपके) ले २०५३ सालदेखि खोज पत्रकारिता तालिम दिन थालेको हो । २०६२/६३ सालमा दिएको तालिमको पाठ्यक्रममा यसले तीन पक्षलाई समेटेको थियो । पहिलो, पत्रकारिता शीर्षकअन्तर्गत सहभागीहरूलाई समाचार, फिचर, खोज पत्रकारिता,

---

[१२] मोहन मैनालीसँग २०६६ असार ३ मा गरिएको कुराकानी ।

फोटो पत्रकारिता र पत्रकारितामा कम्प्युटरको उपयोगसम्बन्धी सैद्धान्तिक र व्यावहारिक ज्ञान दिइएको थियो (मैनाली २०६४ : २१५) । दोस्रो, सोही तालिममा भाषा शीर्षकअन्तर्गत नेपाली भाषाका बारेमा सिकाइएको थियो । शब्द छनोट, वाक्य गठनसम्बन्धी प्रचलित नियम, अनुच्छेद-अनुच्छेदबीचको तालमेल इत्यादि विषयमा जानकारी दिइएको छ (वस्ती २०६४) । खोज पत्रकारिता तालिम पाठचक्रमको तेस्रो पक्ष समाजविज्ञान हो । समाजविज्ञानका आधारभूत पक्ष (इतिहास, समाज, राजनीतिशास्त्र इत्यादि) का बारेमा जानकारी दिइएको छ । नेपालका विविध पक्षको चिनारी, विकास प्रक्रिया, सामाजिक आन्दोलन, राजनीतिक अर्थशास्त्र इत्यादि पनि पाठचक्रममा समावेश गरिएको छ (मैनाली २०६४ : २१६) । यसमा थोरै समयमा धेरै विषय समेट्न खोजिएको छ । खोज पत्रकारिता केन्द्रको तालिमका सहभागीहरूले पनि गृहकार्य र पाठचसामग्री अति धेरै दिएको, अङ्ग्रेजीका पाठचसामग्री धेरै भएको गुनासो गरेका थिए ।[१३]

खोपकेले २०६२/६३ सालमा दिएको तालिममा अभ्यास पक्षलाई जोड दिइएको थियो । तालिममा धेरैभन्दा धेरै अभ्यासको मौका दिइन्थ्यो । अभ्यासका क्रममा परिमार्जनका लागि प्रशिक्षार्थीलाई सुझाव पनि दिइन्थ्यो । विराटनगरका पत्रकार मनोज श्रेष्ठले तयार पारेको फिचर 'हेपिएका छन् मोरङका पहाडी गाविसहरू' भन्ने शीर्षकमाथि प्रशिक्षकले निकै अभ्यास गराएका छन् । प्रशस्त सुझावसमेत दिइएको छ । सर्वप्रथम त 'उनीहरू हेपिएकै छन्' भनेर प्रमाणित गर्नुपर्छ । हेपिएको भनेको के हो, सौताको जस्तो व्यवहार भनेको कस्तो हो उल्लेख गर्नुपर्छ भन्नेजस्ता सुझाव त्यहाँ छन् ।[१४] त्यति बेलाको अनुभव सुनाउँदै पत्रकार श्रेष्ठ भन्छन्, "खोज पत्रकारिता/फिचर लेखनको तालिममा गृहकार्य यति हुन्थ्यो कि रातभर सुत्न पाइएन, मोहन मैनालीले मैले जति लेखे पनि 'आरम्भ मिलेन' भनेपछि म निराश भएको थिएँ ।'[१५] यसरी खोजपत्रकारिता र फिचर लेखनको अभ्यासलाई अरूभन्दा बढ्तै जोड दिइएको पाइन्छ ।

---

[१३] बीबीसी नेपाली सेवाकी संवाददाता सीता मादेम्बासँग २०६६ असोज २८, *कान्तिपुर* दैनिकका धरान संवाददाता प्रदीप मन्याङ्वोसँग असोज २५ र *अन्नपूर्ण पोष्ट*का विराटनगर संवाददाता मनोज श्रेष्ठसँग असोज २१ मा गरिएको कुराकानी ।

[१४] *अन्नपूर्ण पोष्ट*का विराटनगर संवाददाता मनोज श्रेष्ठसँग २०६६ असोज २१ मा गरिएको कुराकानी र उनलाई तालिमको क्रममा गराइएको अभ्यासको कपिका आधारमा ।

[१५] *अन्नपूर्ण पोष्ट*का विराटनगर संवाददाता मनोज श्रेष्ठसँग २०६६ असोज २१ मा गरिएको कुराकानी ।

## रेडियो तालिमको पाठ्यक्रम

### *रेडियो पत्रकारिता, कार्यक्रम उत्पादन तथा उद्घोषण तालिम*

रेडियो पत्रकारिता तालिममा रेडियो स्टेसनका प्रकारहरू, रेडियो कार्यक्रम के हो, लक्षित श्रोता को हुन्, लक्षित श्रोता वा वर्गलाई किन सन्देश दिन खोजिएको हो, लक्षित श्रोतालाई कहिले र कसरी सन्देश प्रवाह गर्ने भन्ने फाइभ डब्ल्यु वन एच[१६] जस्ता विषय आधारभूत पाठ्यक्रमअन्तर्गत समावेश गरिएको छ। विभिन्न गैरसरकारी संस्थाहरूले सामुदायिक रेडियोलाई लक्षित गरेर पनि तालिम दिएका हुन्छन्। यस्ता तालिमहरूको आधारभूत पाठ्यक्रम समुदाय लक्षित हुन्छ। 'समुदायको विषयमा बोल्दा समुदायलाई कहिल्यै आरोप लगाउनु हुँदैन', 'समुदायलाई बुझेर मात्र काम गर्नुपर्छ', 'आफ्नो विचार समुदायमा लाद्न खोज्नु हुँदैन' जस्ता संवेदनशील विषय पनि प्रशिक्षार्थीलाई सिकाइन्छ।[१७] स्थानीय र राष्ट्रिय मुद्दाहरूका विषयमा मान्छेहरू के जान्न खोजिरहेका छन् भन्ने कुरा पाठ्यक्रममा समावेश भएको हुन्छ। समुदायका व्यक्तिहरूले आपसमा गर्ने कुराहरूबारे, व्यक्तिको सोचाइबारे, उसले गर्ने कामबारे पाठ्यक्रममा समावेश गरिएको हुन्छ। समुदायका मानिसहरूको संस्कृति, आवश्यकता, भौगोलिक स्थिति, उमेर, लिङ्ग, पेसालाई ध्यान दिई रेडियो कार्यक्रम निर्माण गर्ने सीपबारे पनि सामुदायिक रेडियोसम्बन्धी तालिमको पाठ्यक्रममा समावेश गरिएको हुन्छ।

रेडियो कार्यक्रम कसरी बनाउने भन्ने विषयले पनि पाठ्यक्रममा महत्त्वपूर्ण ठाउँ पाएको हुन्छ। रेडियो कार्यक्रमका तत्त्वहरू के-के हुन्, न्यारेसन, अन्तर्वार्ता, ध्वनि तथा सङ्गीत पक्षलाई कसरी समेट्ने भन्ने प्रश्नको जवाफ पनि यसमा समेटिएको हुन्छ। घटनाप्रधान र विषयप्रधान समाचार तथा फलोअप समाचारलगायत रेडियो समाचार कसरी लेख्ने भन्ने विषयमा जानकारी दिइएको हुन्छ।[१८] 'भाषा' सामुदायिक रेडियो पाठ्यक्रमको महत्त्वपूर्ण पाटो हो। रेडियोमा बोल्न हुने र नहुने

---

[१६] फाइभ डब्ल्युले हु (को), ह्वाट (के), ह्वेर (कहाँ), ह्वेन (कहिले), ह्वाइ (किन), र वन एचले हाउ (कसरी) बुझाउँछन् ।

[१७] सामुदायिक रेडियो सहयोग केन्द्र/नेफेजको सामुदायिक रेडियोलाई दिने आधारभूत रेडियो तालिमको पाठ्यक्रम र पत्रकार रघु मैनालीसँग २०६६ कात्तिक ४ मा गरिएको कुराकानी। सामुदायिक रेडियोलाई तालिम दिने अर्को संस्था अकोर्याबसँग के-के तालिम दिइएको भन्ने विवरण भए पनि तालिम पाठ्यक्रम नभएकाले यहाँ सामुदायिक रेडियो सहयोग केन्द्रको पाठ्यक्रमलाई विश्लेषणको मुख्य आधार बनाइएको छ।

[१८] सामुदायिक रेडियो सहयोग केन्द्र/नेफेजको सामुदायिक रेडियोलाई दिने आधारभूत रेडियो तालिमको पाठ्यक्रम र पत्रकार रघु मैनालीसँग २०६६ कात्तिक ४ मा गरिएको कुराकानी।

भाषाका बारेमा पनि प्रशिक्षण दिइन्छ। समाजमा चलिआएका कतिपय उखान टुक्काहरू प्रयोग गर्दा अपनाउनुपर्ने पक्षबारे सचेत गराइन्छ।[१९] 'अनुसन्धान' पनि सामुदायिक रेडियोको पाठचक्रममा समावेश भएको विषय हो। रेडियो कार्यक्रमका लागि कस्तो अनुसन्धानको आवश्यकता पर्छ भन्ने प्रश्नलाई यहाँ महत्त्व दिइएको हुन्छ। अनुसन्धान गर्दा कुनै मुद्दाको अवलोकन र पहिचान कसरी गर्ने भन्ने विषयमा जानकारी दिइएको छ। तर, रेडियोमा अनुसन्धान सामग्री कहाँ कसरी प्रस्तुत गर्ने भन्नेतर्फ पाठचक्रममा उल्लेख छैन। 'अन्तर्वार्ता' सम्बन्धी खण्डमा अन्तर्वार्तालाई समाचार स्रोतका रूपमा प्रयोग गरिएको छ। अन्तर्वार्ता गर्नुअघि प्रश्नावली कसरी तयार गर्ने र सावधानीपूर्वक अन्तर्वार्ता कसरी गर्ने भन्नेबारेमा पाठचक्रम केन्द्रित छ। अन्तर्वार्तामा टिप्सहरू कसरी प्रयोग गर्ने, अन्तर्वार्ताको सुरु र अन्त्य कसरी गर्ने भन्ने सन्दर्भ पनि पाठचक्रममा उल्लेख गरिएको छ। स्टुडियोबाहिर गर्ने अन्तर्वार्ताका लागि आरम्भमा, बीचमा र अन्त्यमा उद्घोषण कसरी गर्ने भन्ने जानकारी पनि पाठचक्रममा समेटिएको छ।

रेडियो रिपोर्ट खण्डअन्तर्गत समाचारमा वा रेडियो पत्रिकामा कसरी रिपोर्ट प्रस्तुत गर्ने भन्ने कुराको जानकारी दिइएको हुन्छ। रेडियो पत्रिकाका सम्बन्धमा यसको संरचना तथा प्रस्तुत गरिने विषयवस्तुलाई कसरी रेडियो पत्रिकाको लय (सिक्वेन्स) मा राख्ने र स्क्रिप्ट कसरी बनाउने भन्नेबारे पनि उल्लेख गरिएको छ।

नाफामूलक संस्थाहरूले दिने रेडियो पत्रकारिता, कार्यक्रम उत्पादन र उद्घोषण तालिमको पाठचक्रममाथि उल्लिखित सारेसकेले दिने तालिमको भन्दा केही फरक हुने गरेको छ। यिनका पाठचक्रममा रेडियोबारे परिचय, रेडियोमा बोल्ने भाषा, स्क्रिप्ट, क्यु सिट, गीत छनोट, कार्यक्रम प्रस्तुति, प्रत्यक्ष प्रसारण, समाचार के हो, समाचार कसरी लेख्ने र रिपोर्टिङ कसरी गर्ने, अन्तर्वार्ता कसरी गर्ने आदि विषयहरू समाविष्ट छन्। तालिम दिने यस्ता निजी संस्थाहरूले एफएम रेडियोमा नाम चलेका प्रस्तोताहरूलाई बोलाउँछन्।[२०] रेडियो नेपाल वा

[१९] सामुदायिक रेडियो सहयोग केन्द्र/नेफेजको सामुदायिक रेडियोलाई दिने आधारभूत रेडियो तालिमको पाठचक्रम र पत्रकार रघु मैनालीसँग २०६६ कात्तिक ४ मा गरिएको कुराकानी।

[२०] यस पुस्तकका एकजना लेखक अर्जुन पन्थीले सन् २००१ मा जमलेश्वर इन्स्टिच्युटमा रेडियो उद्घोषणसम्बन्धी तालिम लिएका थिए। इन्स्टिच्युटका सञ्चालक तीर्थ भण्डारीले दुई महिनाको तालिम कक्षामा हप्तामा कम्तीमा दुईजना अतिथि प्रशिक्षक ल्याउँथे। उनीहरू रेडियो नेपालका र त्यति बेला नाम चलेका एफएम रेडियोहरू कान्तिपुर एफएम, रेडियो सगरमाथा, हिट्स एफएम आदि रेडियोका कार्यक्रम प्रस्तोता हुन्थे। जस्तै, प्रकाश सायमि, प्रभात रिमाल, हरि श्रेष्ठ, माइकल चन्द, नवराज लम्साल, पाण्डव सुनुवार, कल्याण गौतम, कोमल वली आदि। अतिथि प्रशिक्षकहरूले आफ्ना अनुभव

एफएम रेडियोका प्रस्तोताहरूलाई प्राय विषय प्रदान गरिएको हुँदैन । उनीहरू आफ्नो अनुभव बाँड्न तालिममा प्रस्तुत हुन्छन् ।

नाफामूलक संस्थाका पाठ्यक्रममा रेडियो कार्यक्रम उत्पादनका अतिरिक्त व्यक्तित्व र नेतृत्व विकास कसरी गर्ने, आत्मविश्वास कसरी बढाउने, स्टेज कार्यक्रम कसरी चलाउने आदि विषय पनि समेटिएका हुन्छन् । रेडियोमा काम गर्न खोज्ने युवाहरूसहित अन्य युवाहरूलाई पनि समेट्ने उद्देश्यले यसरी पाठ्यक्रम बनाइन्छ । सुन्दरी प्रतियोगितामा भाग लिने सहभागीहरू पनि रेडियो उद्घोषण तालिम लिन्छन् । यस्ता नाफामूलक संस्थाहरूले तालिममा सकेसम्म धेरैलाई समेटेका हुन्छन् ।[२१]

एनपीआईले मूलत: छापामाध्यममा केन्द्रित रही तालिम दिने गरे पनि रेडियो, टेलिभिजन र अनलाइन मिडियालाई पाठ्यक्रममा समावेश गरेको छ । यसले दिने रेडियोसम्बन्धी तालिमको पाठ्यक्रममा, रेडियो लेखन तथा प्राविधिक पक्षको जानकारी दिइएको छ । यसको पाठ्यक्रममा रेडियो समाचार, अन्तर्वार्ता, रेडियो पत्रिकाका लागि उत्पादन र प्रस्तुति पनि समेटिएको छ । यसै गरी प्राविधिक पक्षका बारेमा पनि जानकारी दिन पाठ्यक्रम विस्तृत बनाइएको छ ।[२२] एनपीआईले दिने प्रयोगात्मक कक्षामा शब्द र स्वर मिलाएर कसरी तस्बिर बनाउने, दुईओटा आवाजको सम्बन्ध कसरी बनाउने, रेकर्डर लिएर कसरी सूचनाहरू सङ्कलन गर्ने भन्ने कुरा समेटिएको छ । न्यारेसन लेख्ने अभ्यास र ध्वनि-प्रतिध्वनि, बाइट, धुन र न्यारेसनको मिश्रण कसरी गर्ने भन्नेजस्ता प्रयोगात्मक कक्षाहरू पनि समावेश गरिएको छ । तर, यी पक्षहरू व्यावसायिक रूपमा खोलिएका रेडियो तालिम दिने संस्थाहरूले आफ्ना पाठ्यक्रममा स्पष्ट रूपमा राखेका छैनन् ।

देशको समसामयिक राजनीतिको सन्दर्भमा उठेका विभिन्न विषय वा मुद्दालाई रेडियोमा कसरी उठान गर्ने भन्ने विषयमा पनि तालिम दिइन्छ । यस्ता खालका तालिम विशेषत: कार्यरत पत्रकारहरूलाई दिइन्छ । जनजाति, दलित, मधेसी, महिला आदि मुद्दाहरू रेडियोमा कसरी प्रसारण गर्ने भन्नेजस्ता आधारभूत पक्ष पनि पाठ्यक्रममा समेटिएको हुन्छ । यस्ता विषयहरूको ऐतिहासिक विकासक्रम पनि पाठ्यक्रममा समेटिएको हुन्छ । जागरण मिडिया सेन्टरले दिएको तालिममा

---

र केही पाठ्यसामग्री बाँड्थे, केहीले त्यहाँ भएको सानो माइक्रोफोनमा अभ्यास गराउँदै डमी कार्यक्रम बनाउन लगाउँथे र सुझाव दिन्थे । प्राय: प्रशिक्षकले आफ्ना अनुभव नै सुनाउँथे । तीर्थ भण्डारीले तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसँग उनले लिएको अन्तर्वार्ता सुनाउँदै अन्तर्वार्तामा गर्नुपर्ने सावधानीबारे सिकाएका थिए ।

[२१] जमलेश्वर इन्स्टिच्युटका सञ्चालक तीर्थ भण्डारीसँग २०६६ असार १२ मा गरिएको कुराकानी ।

[२२] एनपीआईको सन् २००९ को पाठ्यक्रममा आधारित ।

दलित आन्दोलन र मिडियाबारे बुझ्न स्रोत संगालो (रिडर) दिइएको थियो। जसमा मिडिया र दलित सवालमा लेखिएका १३ ओटा लेख तथा कार्यपत्रहरू समावेश गरिएका थिए। 'सामाजिक न्यायका लागि छुवाछुत उन्मुलनमा आमसञ्चारको भूमिका' शीर्षकमा विनोद पहाडीको कार्यपत्र, 'हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न' शीर्षकको आहुतीको लेख, 'जनयुद्धमा दलित सहभागिता र विशेषाधिकार' शीर्षकमा हिसिला यमीको लेख र 'अन्तर्दलित भेदभावको अन्त्यका लागि संयुक्त योजना बन्नुपर्छ' शीर्षकको आहुतीको विश्लेषण पनि त्यसमा समाविष्ट थिए (जागरण मिडिया सेन्टर २०६३)।

विशेष विषयमा केन्द्रित रहेर तालिम दिने संस्थाहरूमा नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ (जनजाति), शिक्षा पत्रकार समूह (शिक्षा), जागरण मिडिया सेन्टर (दलित) आदि प्रमुख छन्। यस्तै नेफेजले शान्ति र द्वन्द्वसम्बन्धी दिएका तालिमहरूलाई पनि यसै कोटिमा राख्न सकिन्छ। नाफामुखी संस्थाहरूको पाठ्यक्रममा यस्ता सामाजिक मुद्दालाई समावेश गरेको भेटिंदैन। मुद्दा केन्द्रित रेडियो तालिमको मुख्य उद्देश्य प्रशिक्षार्थीहरूलाई यस्ता विशेष विषयबारे जानकारी दिई सचेत बनाउनु हो। नेफेजले २०६२ सालमा प्रसारणमा द्वन्द्व र हिंसासम्बन्धी तालिम दिएको थियो। जसमा द्वन्द्व र हिंसाको परिभाषा, प्रकार, कारणहरूबारे जानकारी दिइएको थियो। साथै, द्वन्द्वरत पक्षले पत्रकारहरूलाई उपयोग गर्न सक्ने सम्भावनाबारे पनि सचेत गराउन खोजिएको थियो (भट्टराई र मैनाली २०६२)।

## *रेडियो स्टेसनमै पुनर्ताजगी र व्यवस्थापन तालिम*

रेडियो स्टेसनहरूको विकास तीव्र भएपछि यस किसिमका तालिम पनि बढ्दै गए। रेडियो स्टेसनमा नै अभ्यास गर्दै दिने तालिमअन्तर्गत पुनर्ताजगी (रिफ्रेसमेन्ट) र सँगै बसेर दिइने तालिम (एटचाचमेन्ट) यसअन्तर्गत पर्दछन्। यस्ता तालिमहरू प्रयोगमा आधारित हुन्छन्। लिखित पाठ्यक्रम चाहिं हुँदैन। बाहिरबाट बोलाइएका स्रोतव्यक्तिले रेडियो स्टेसनमै आफ्ना अनुभव सुनाउँदै व्यावहारिक किसिमले तालिम दिन्छन्। जस्तो, रेडियो सगरमाथाले विभिन्न समसामयिक विषयवस्तुबारे आफ्ना जनशक्तिलाई तालिम दिने गरेको छ। विश्वकप फुटबल/क्रिकेट, संविधानसभा चुनाव सुरु हुनुभन्दा एक-दुई दिनअघि रेडियो सगरमाथाले आफ्ना जनशक्तिलाई यसै विषयमा तालिम दिएको थियो।[२३]

[२३] रेडियो सगरमाथाका प्रमुख कार्यक्रम सञ्चालक सञ्जीव अधिकारीसँग २०६६ असार १३ मा गरिएको कुराकानी।

व्यावसायिक एफएम रेडियोहरूले पनि पाठ्यक्रमविना नै यस्ता तालिम आयोजना गर्छन्। समाचारमा लक्षित गरी दिइने तालिममा संस्थाबाहिरका व्यक्तिलाई पनि बोलाइन्छ। यस्ता तालिमहरूमा पनि पाठ्यक्रमको प्रयोग गरिंदैन। कान्तिपुरका स्टेसन म्यानेजर प्रभात रिमाल भन्छन्, "हामी पाठ्यक्रम बनाउने र त्यसपछि तालिम दिने गर्दैनौं। रेडियोमै अभ्यासमूलक तालिम दिन्छौं। यस्ता तालिममा पाठ्यक्रमको आवश्यकता पर्दैन।"[२४] रिमालको भनाइअनुसार रेडियोमा आएर स्रोतव्यक्तिले अनुभव साट्ने भएकाले लिखित पाठ्यक्रम नभएको हो। सामुदायिक र व्यावसायिक रेडियो स्टेसनहरूमा नवप्रवेशीहरूलाई पनि तालिम दिइन्छ। आफ्नो एफएम रेडियोको नीति, रेडियोमा बज्ने कार्यक्रम वा समाचारको ढाँचाबारे तालिम दिइए पनि लिखित पाठ्यक्रम चाहिं त्यहाँ पनि हुँदैन। कार्यक्रम सञ्चालक वा समाचार वाचकहरूले नयाँसँग अनुभव बाँड्ने र स्टेसनको नीति नियम जानकारी दिनु नै यस्ता तालिमको उद्देश्य हुन्छ।

रेडियो स्टेसनभित्रै दिइने तालिमअन्तर्गत व्यवस्थापन तालिम पनि एक हो। व्यवस्थापन तालिमको पाठ्यक्रममा सामाजिक समावेशीकरण, संस्थाभित्र हुने सञ्चार, संस्थाको सङ्गठन र साङ्गठनिक विकास, प्रतिस्पर्धाको रणनीतिजस्ता विषयहरू समावेश गरिन्छ। विज्ञापनका लागि बजार व्यवस्थापन, श्रोता सहभागिता, आत्मनिर्भरता आदि विषय पनि पाठ्यक्रममा समावेश गरिन्छ।[२५] सामुदायिक रेडियो सशक्तीकरणका नाममा विभिन्न गैरसरकारी संस्थाहरूले दिने तालिममा पनि यस्ता पाठ्यक्रमको प्रयोग गरिन्छ।

### *रेडियो प्राविधिक तालिम*

यस्ता तालिमहरूमा स्टुडियोमा प्रयोग हुने विभिन्न प्रविधिबारेको जानकारी, सञ्चालन वा प्रयोग गर्ने तरिका र सामान्य मर्मतबारे जानकारी दिइन्छ। डिजिटल रेकर्डिङ र सम्पादनका सीप पनि सिकाइन्छ। स्टुडियोमा नै लगेर इन्टर्नसिपका रूपमा पनि सिकाइन्छ। कम्प्युटर प्रयोगबारे सामान्य ज्ञान पनि दिने गरिन्छ। बीबीसी वर्ल्ड सर्भिस ट्रस्टले २००९ जुलाईमा रेडियोका प्राविधिज्ञहरूलाई दिएको तालिममा स्टुडियोमा प्रयोग हुने उपकरण सञ्चालन र मर्मतबारे सिकाएको थियो। साथै, विभिन्न उपकरण ल्याएर कक्षामा प्रदर्शनीसहित

---

[२४] कान्तिपुर एफएमका स्टेसन म्यानेजर प्रभात रिमालसँग २०६७ असार १४ मा गरिएको कुराकानी।

[२५] रघु मैनाली र प्रमोद तण्डुकारसँग २०६६ भदौ १९ मा गरिएको कुराकानी।

जानकारी दिंदै तिनको प्रयोग गर्न सिकाइयो । सञ्चालनका क्रममा हुन सक्ने गल्तीबारे पनि बताइयो । त्यसबाहेक कम्प्युटरको सफ्टवेयर र हार्डवेयर तथा नेटवर्किङका बारेमा पनि तालिम दिइएको थियो ।[२६] प्राविधिक तालिम रेडियोमा काम गर्ने प्राविधिज्ञलाई नै लक्षित गरेर दिने गरिन्छ । भ्वाइस रेकर्डर, इमेल इन्टरनेट चलाउने र श्रव्य सामग्रीलाई इमेलमार्फत पठाउने आदि सीप फिल्डमा गएर काम गर्नुपर्ने पत्रकारहरूलाई पनि सिकाइन्छ । इक्वेल एक्सेसले समुदायमा काम गर्ने आफ्ना रिपोर्टरहरूलाई रेडियो पत्रकारिताका साथसाथै यस्ता विषय पनि समेटेर तालिम दिने गरेको छ ।[२७]

## टेलिभिजनसम्बन्धी तालिमको पाठ्यक्रम

टेलिभिजनसम्बन्धी तालिम दिने संस्थाहरू थोरै छन् । एकेडेमी अफ अडियो-भिजुअल आर्टस् एण्ड साइन्स (आभास) ले मूलतः टेलिभिजन प्राविधिक र टेलिभिजन पत्रकारिता विषयमा तालिम दिन्छ । यस्तै, नेपाल प्रेस इन्स्टिच्युट र मिडिया प्वाइन्टको पाठ्यक्रममा पनि टेलिभिजनलाई थोरै मात्रामा समेटिएको छ । आभासको टेलिभिजनसम्बन्धी पाठ्यक्रममा, रिपोर्टिङ गर्दा प्रयोग हुने साधनका बारेमा जानकारी दिइएको छ । क्यामेरा, माइक्रोफोन, प्रकास, ओबी (आउटसाइड ब्रोडकास्टिङ) भ्यान, इएनजी (इलेक्ट्रोनिक न्यूज ग्यादरिङ्ग), क्यामेरा मुभमेन्ट, सट (दृश्य) आदि विषय पनि पाठ्यक्रममा समाविष्ट छन् ।[२८] पाठ्यक्रममा टेलिभिजनको प्राविधिक पक्षबाहेक स्क्रिप्ट लेख्दा अपनाउनुपर्ने सावधानीबारे पनि उल्लेख गरिएको छ । स्क्रिप्ट लेख्दा थोरै शब्द लेख्नुपर्छ ता कि दृश्यले नै दर्शकलाई धेरै कुराहरू बताओस् । दृश्य तथा ध्वनिको प्रयोग, स्टेसनको पहिचान धुन, दृश्य सम्पादनजस्ता पक्षलाई पनि पाठ्यक्रममा समावेश गरिएको छ ।[२९] एनपीआईको पाठ्यक्रममा पनि श्रव्य-दृश्य प्रसारण प्रणाली, साधनबारे जानकारी दिइएको छ । टेलिभिजनमा देखाइने दृश्यसँग कसरी आवाजलाई जोड्ने, टिभी न्यारेसन, रिपोर्ट लेखनजस्ता विषय पनि यसमा समावेश गरिएका छन् ।[३०]

---

[२६] बीबीसी वर्ल्ड सर्भिस ट्रस्ट (सन् २००९) प्रतिवेदनमा आधारित ।

[२७] इक्वेल एक्सेस नेपालका अध्यक्ष उपेन्द्र अर्याल तथा त्यहाँका एफएम नेटवर्किङ तथा तालिम व्यवस्थापन अधिकृत विनायक अर्यालसँग २०६६ असोज २७ मा गरिएको कुराकानी ।

[२८] आभासले २०६६ भदौ महिनामा प्रयोग गरेको पाठ्यक्रमको आधारमा ।

[२९] आभासका तालिम निर्देशक गजेन्द्र पौडेलसँग २०६६ भदौ ४ मा गरिएको कुराकानी र त्यहाँको पाठ्यक्रममा आधारित ।

[३०] एनपीआईको सन् २००९ को पाठ्यक्रममा आधारित ।

## अनलाइन पत्रकारिताको पाठ्यक्रम

एनपीआईद्वारा सन् २००९ मा परिमार्जित पाठ्यक्रममा अनलाइन पत्रकारितालाई पनि समेटिएको छ । तर यसका क्षेत्रीय स्रोत केन्द्रहरूमा सञ्चालन गरिने तीन महिने तथा एक महिने पत्रकारिता तालिममा भने अनलाइन पत्रकारितालाई समेटिएको छैन । एनपीआईले १० महिने पत्रकारिता पाठ्यक्रमअन्तर्गत अनलाइन पत्रकारिता पनि समावेश गरेको छ । पाँच दिन मात्र पढाइने अनलाइन पत्रकारिताको पाठ्यक्रममा एनपीआईले अनलाइन पत्रकारिताको प्रकृति र स्वरूप, अनलाइन मिडियाका लागि लेखन, ब्लग लेखन, वेब पेज डिजाइनिङ, वेबसाइटमा सामग्री अपलोडिङ आदि विषय समेटेको छ । अनलाइन पत्रकारिता वा अनलाइन समाचार तयार पार्ने तौर-तरिका छापा पत्रकारिताकै जस्तो हुने भएकाले आधारभूत ज्ञान त्यहीं नै दिइन्छ । प्रशिक्षार्थीहरूले आफूले तयार पारेका सामग्रीलाई अनलाइनमार्फत सार्वजानिक गर्ने सीप यसैमा सिक्न सक्छन् ।

## भाषा : बिर्सिएको पक्ष

नेपालमा पत्रकारिताका लागि नेपाली भाषा सबैभन्दा बढी चल्तीको भाषा हो । तर, नेपाली भाषालाई पाठ्यक्रममा त्यत्ति धेरै स्थान दिएको पाइन्न । केही संस्थाहरूको पाठ्यक्रम हेऱ्यो भने पनि यो तथ्य पुष्टि हुन्छ । खोज पत्रकारिता केन्द्रको तीन महिने तालिममा भाषासम्बन्धी तीन/तीन घण्टाका २० ओटा कक्षा थिए । केही संस्थाहरूले अलिकति समेटे पनि तालिममा भाषाको पक्ष कम महत्त्वकै छ । सन् २००९ मा परिमार्जित एनपीआईको १० महिने र यसका क्षेत्रीय सञ्चार स्रोत केन्द्रका तीन महिने पाठ्यक्रममा भाषासम्बन्धी पक्षलाई छुट्टै स्थान दिइएको छैन । शरच्चन्द्र वस्तीको गुनासो छ :

> पत्रकारिताको खेल भाषाको मैदानमा खेलिन्छ । मैदान ठीक नभएसम्म खेल खेलाँचीजस्तो मात्र हुन्छ । तर भाषाको पक्ष नै पत्रकारिता-प्रशिक्षणमा ओझेल परिरहेको छ । एउटा पक्षमा केन्द्रित अल्पकालीन तालिमको त कुरै छोडौं, सबै पक्ष समेट्न खोज्ने दीर्घकालीन तालिमहरूमा पनि प्रायः यसको उपेक्षा हुने गरेको छ । कहिलेकाहीं झारा टार्ने छाँटले दुई-चारओटा कक्षा राखिन्छन्, बस् । विषयको गम्भीरता र व्यापकतालाई त्यसले सम्बोधन गर्ने कुरै भएन (वस्ती २०६४ : च) ।

रेडियो लुम्बिनीका पूर्वअध्यक्ष अर्जुन ज्ञवालीले एनपीआईको तालिममा भाषा शिक्षाको प्रशिक्षणलाई महत्त्वका साथ नउठाइएको भनी गुनासो गरेका थिए ।[३१] उनका अनुसार एनपीआईका क्षेत्रीय सञ्चार स्रोत केन्द्रहरूले पनि भाषासम्बन्धी पक्षलाई पाठचक्रममा थपेका छैनन् । मिडिया प्वाइन्टले पत्रकारितामा प्रयोग हुने शब्दावली, भाषिक लेखनको विकास भन्ने शीर्षक राखे पनि भाषासम्बन्धी सीप अभिवृद्धिका लागि अपर्याप्त छ । व्यावसायिक रेडियो पत्रकारिता तालिम दिने जमलेश्वर इन्स्टिच्युटले रेडियोसम्बन्धी तालिमको पाठचक्रममा भाषिक पक्षलाई पनि समेटेको थियो । यसले भाषिक शुद्धताबारे सामान्य ज्ञान भनेर दुई दिनको भाषा कक्षा सञ्चालन गर्दथ्यो । रेडियोमा बोल्न हुने र नहुने शब्दबारे त्यहाँ विमर्श गरिन्थ्यो ।

## निष्कर्ष

लामो समयदेखि तालिम दिँदै आएका केही संस्थाहरूसँग मात्र निश्चित पाठचक्रम छ । गैरसरकारी संस्थाहरूमा चाहिं तालिम दिने विषय निश्चित भैसकेपछि शीर्षक छनोट गरिन्छ । उनीहरू प्रायः हतारमा तालिम सुरु गर्छन् । प्रशिक्षक र प्रशिक्षार्थीको भेला गर्ने र प्रशिक्षकलाई यो-यो शीर्षकमा पढाइदिनुपर्‍यो भनेपछि त्यसैमा काम सकिन्छ । यस्ता सङ्घसंस्थाहरू तालिममा पाठचक्रम र यसको गुणस्तरतर्फभन्दा पनि धेरै परिमाणमा तालिमको आयोजना गर्नेतर्फ केन्द्रित हुने गर्दछन् । पाठचक्रम कस्तो बनाउँदा तालिम प्रभावकारी हुन्छ भन्ने कुरामा संस्थाहरूको ध्यान पुगेको देखिंदैन । प्रशिक्षक नै पाठचक्रम हो भन्ने मनोविज्ञानले काम गरेकोले यस्तो भएको हो । नियमित तालिम दिने केही संस्थाहरूले बाहेक अन्यले पाठचक्रम निर्माणको पाटोलाई प्राथमिकतामा राखेको पाइँदैन ।

सञ्चारिका समूह, जागरण मिडिया सेन्टर, इक्विकन, नेपाल वातावरण पत्रकार समूहजस्ता केही संस्थाहरूले प्रशिक्षण दिंदा पाठचक्रम-निर्देशिका तयार पार्ने गरेका छन् । प्रशिक्षार्थीलाई वितरण गरिने पाठ्यसामग्रीसमेत निर्देशिकामा समावेश गरिन्छ । यस्तो किसिमको अभ्यास गरिंदा प्रशिक्षक जो भए पनि तालिमको न्यूनतम् स्तर कायम हुन पुग्दछ । तालिम दिने संस्थाहरूले पाठचक्रम बनाएर समयानुकुल परिमार्जन गर्दै गएमा तालिमको गुणस्तर र प्रभावकारिता बढ्न सक्छ । अन्यथा तालिम नाममा मात्र सीमित हुन जान्छ ।

---

[३१] ज्ञवालीसँग २०६६ असोज २३ गते गरिएको कुराकानी । ज्ञवाली बुटवलस्थित एनपीआई क्षेत्रीय सञ्चार स्रोत केन्द्रका प्रशिक्षक पनि हुन् ।